आज मिति २०८३।२।२२ गते बिहीबारका दिन विहानको ८:०० बजे लिखु गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री ध्रुव श्रेष्ठज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको आ.ब. २०८२/०८३ को बारौं बैठक बसी विभिन्न प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | ध्रुव श्रेष्ठ | कार्यपालिका अध्यक्ष | |
| २ | सुभद्रा अधिकारी उप्रेती | कार्यपालिका उपाध्यक्ष | |
| ३ | नरहरि पाण्डे | वडा अध्यक्ष | |
| ४ | ~~प्रेम बहादुर थापामगर~~ रेशम राई | वडा अध्यक्ष कार्यवाहक | |
| ५ | सीताराम पुलामी मगर | वडा अध्यक्ष | |
| ६ | प्रकाश राई | वडा अध्यक्ष | |
| ७ | विश्व प्रसाद खतिवडा | वडा अध्यक्ष | |
| ८ | सुमन भण्डारी | वडा अध्यक्ष | |
| ९ | चम्फा राजभण्डारी | कार्यपालिका सदस्य | |
| १० | निकिसा राई | कार्यपालिका सदस्य | |
| ११ | मिना राई | कार्यपालिका सदस्य | मिना |
| १२ | ज्ञानी रोक्का | कार्यपालिका सदस्य | |
| १३ | दिल कुमारी घले | कार्यपालिका सदस्य | |
| १४ | शुशील मिजार | कार्यपालिका सदस्य | |
| १५ | अशोक विष्ट | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | रामचन्द्र लामिछाने | वरिष्ठ शाखा अधिकृत | |
| २ | सुरेन्द्र कटुवाल | लेखा अधिकृत | |
| ३ | ओमराम लामिछाने | अधिकृत छैटौं | |
| ४ | | | |

**मिति २०८३ साल जेठ २२ गते शुक्रबार बसेको लिखु गाउँ कार्यपालिकाको आ.व. २०८२/०८३ को बाह्रौं बैठकको निर्णयहरु**

<table>
<tr><th>निर्णय नं.</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>१</td><td>लिखु गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८३।०१।१७ गते बसेको आ.व. २०८२/०८३ को एघारौं बैठकको निर्णय कार्यान्वयन भएको पाइयो ।</td></tr>
<tr><td>२</td><td>लिखु गाउँपालिकाको आ.व. २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम तर्जूमाको लागि देहायको कार्यतालिका स्वीकृत गर्ने ।
<table>
<tr><th>क्र.सं.</th><th>क्रियाकलाप</th><th>सम्पन्न गर्ने मिति</th><th>जिम्मेवारी</th></tr>
<tr><td>१</td><td>वस्तीस्तरको योजना छनौट (वस्ती, टोल भेलाको कार्यतालिका तयारी र जिम्मेवारी बाँडफाँड गर्ने र वस्ती/टोलस्तरमा सरोकारवालाहरुको उपस्थितिमा आयोजना छनौट गरी वडा समितिमा पेश गर्ने)</td><td>२०८३ जेठ. २५ भित्र</td><td>वडा समिति</td></tr>
<tr><td>२</td><td>राजस्व परामर्श समितिबाट आ.व. २०८३/८४ को अनुमानित राजस्व ( आन्तरिक स्रोत, राजस्व बाँडफाँड, रोयल्टी, अनुदान र ऋण) प्रक्षेपण र अनुमान तयार गर्ने</td><td>२०८३ जेठ २५ गते भित्र</td><td>राजस्व परामर्श समिति</td></tr>
<tr><td>३.</td><td>स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक बसी कुल बजेट अनुमान गरी सिमा निर्धारण र मार्गदर्शन तयार गरी वडा समिति तथा विषयगत शाखालाई उपलब्ध गराउने</td><td>२०८३ जेठ. २६ गते</td><td>स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति/प्रमुख प्रशासकीय अधिकृत</td></tr>
<tr><td>४.</td><td>वडा तहमा योजना छनौट तथा प्राथमिकीकरण गरी गा.पा. कार्यालयमा पठाउने<br>• वस्ती/टोलस्तरमा प्राप्त आयोजना कार्यक्रमलाई विषय क्षेत्र अनुसार छुट्याउने<br>• वडाको बजेट सीमा भित्रका र अन्य महत्वपूर्ण आयोजनाहरुलाई विषयगत रुपमा प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम समितिमा पेश गर्ने</td><td>२०८३ जेठ ३१ भित्र</td><td>वडा समिति</td></tr>
<tr><td>५</td><td>विषयगत शाखाबाट प्राथमिकता निर्धारण भइ पेश भएका कार्यक्रम र वडा समितिको सिलिङ भन्दा बाहिरका आयोजना तथा कार्यक्रमहरु उपर विषयगत समितिको बैठकमा आवश्यक छलफल र प्राथमिकता निर्धारण गर्ने</td><td>२०८३ असार ५ भित्र</td><td>विषयगत समिति</td></tr>
</table>
</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| ६ | विषयगत समितिबाट प्राप्त सुझाव समेतलाई मध्यनजर गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा आवश्यक छलफल गरी वार्षिक बजेट तथा कार्यक्रमको एकीकृत मस्यौदा, नीति तथा कार्यक्रम, आर्थिक विधेयक र विनियोजन विधेयकको मस्यौदा तयार गरी कार्यपालिका बैठकमा पेश गर्ने, | २०८३ असार ७ भित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| ७ | कार्यपालिकाले वार्षिक नीति, कार्यक्रम तथा बजेटलाई अन्तिम रुप दिने | २०८३ असार ७ गते | कार्यपालिका |
| ८ | वार्षिक नीति तथा कार्यक्रम सभा समक्ष प्रस्तुत गर्ने | २०८३ असार ८ गते | गाउँपालिका अध्यक्ष |
| ९ | गाउँसभामा बजेट (राजस्व, व्यय तथा बित्तीय व्यवस्थाको अनुमान), वार्षिक विकास कार्यक्रम, आर्थिक तथा विनियोजन ऐन प्रस्तुत गर्ने | २०८३ असार १० गते | कार्यपालिका |
| १० | गाउँसभाबाट बजेट (राजस्व, व्यय तथा वित्तीय व्यवस्थाको अनुमान), वार्षिक विकास कार्यक्रम, आर्थिक तथा विनियोजन ऐन पारित गर्ने | २०८३ असार मसान्त भित्र | गाउँ सभा |
| ११ | सभाबाट स्वीकृत कार्यक्रम तथा बजेट सुत्रमा प्रविष्टी र स्वीकृति | २०८३ असार मसान्त भित्र | लेखा/योजना/IT/प्र.प्र.अ. |
| १२ | कार्यक्रम तथा बजेट पुस्तिका प्रकाशन गर्ने | २०८३ श्रावण १५ भित्र | प्रमुख प्रशासकीय अधिकृत/स्टोर |

३ लिखु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुबाट आ.व. २०८२/०८३ मा प्रवाह भएका सेवाहरुको सार्वजनिक सुनुवाई कार्यक्रम देहायको मिति, समय र स्थानमा आयोजना गर्ने ।

मिति : २०८३ असार १ गते

समय : विहान ७ बजे

स्थान : लिखु गाउँपालिका वडा नं. ४, प्रशासनिक भवन निर्माण स्थल

४ आ.व. २०८३/०८४ को आन्तरिक आय तर्फ लिखु र तादी खोलाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेखित क्षेत्रबाट संकलन तथा उत्खनन् हुने नदीजन्य पदार्थहरुको कर एवं गाउँपालिकाबाट निकासी हुने कवाडि तथा अन्य वस्तुहरुमा निकासी कर संकलनको लागि राजस्व परामर्श समितिको मिति २०८३।०२।२१ गतेको बैठकबाट सिफारिस समेतलाई आधार मानी देहायको न्यूनतम् अंक कायम गरी विद्युतीय बोलपत्र प्रणाली मार्फत बोलपत्र आव्हानको सूचना प्रकाशित गर्ने ।

क) नदीजन्य पदार्थहरुको कुल परिमाण २८७४४७३।०५२ घन फिटको प्रति घन फिट रु ७०० का दरले मु.अ.कर बाहेक जम्मा रु २०२१२३११।३६ (रु दुइ करोड दुइ लाख बाह्र हजार तीनसय एघार पैसा छत्तिस मात्र)

ख) गाउँपालिकाबाट निकासी हुने कवाडि तथा अन्य वस्तुहरुमा देहायको दररेटमा एकमुष्ठ मु.अ.कर बाहेक रु ३५०००००।०० (रु पैंतिस लाख मात्र)

- ब्लक प्रतिगोटा २५ पैसा
- पानी प्रति लि. १५ पैसा

- पानी प्रति जार १ रुपैयाँ
- माटो (स्वीकृत खानी क्षेत्र बाहेक) प्रति घन फिट ३ रुपैयाँ ५० पैसा
- प्लाष्टिक पदार्थ प्रति के.जी. ५ पैसा
- फलाम प्रति के.जी. २ रुपैयाँ
- सिलौट जस्ता प्रति के.जी. २ रुपैयाँ
- तामा पित्तल प्रति के.जी. ३० रुपैयाँ
- कागज प्रति के.जी. २५ पैसा
- हाड सिङ, खुर, प्वाँख प्रति के.जी. २ रुपैयाँ
- इट्टा (मेशिनबाट उत्पादित) प्रतिगोटा २५ पैसा
- इट्टा लोकल प्रति गोटा १० पैसा
- इनारको रिङ प्रति गोटा ३ रुपैयाँ

कुल न्यूनतम अंक मु.अ. कर बाहेक रु २३७,१२,३११।३६ (रु दुइ करोड सैतिस लाख बाह्र हजार तीनसय एघार र पैसा छत्तिस मात्र)

५ क) गृहिणी महिला सशक्तिकरण कार्यक्रम वडा नं. १ र ६ मा सन्चालन गर्ने र उद्यमशिलता र सिपविकास तालिम पश्चात् ४५ जनालाई रु १५ हजारका दरले विउ पूँजी दिने ।

ख) लिखु गाउँपालिकाको गाउँ सभाको १८ औं अधिवेशन २०८३ असार ८ गते विहान ११ बजे देखि क्षेत्रपाल मावि, चौघडाको हलमा आव्हान गर्ने ।

ग) लिखु गाउँपालिकाको सार्वजनिक सेवा प्रवाह मापदण्ड, २०८३ स्वीकृत गर्ने ।

घ) लिखु गाउँपालिकाको कार्यक्षेत्रभित्र सन्चालित सहकारी संस्थाहरुको अनुगमन गरी कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्न देहायको अनुगमन समिति गठन गर्ने ।

- लिखु गाउँपालिका उपाध्यक्ष — संयोजक
- आर्थिक विकास समिति संयोजक — सदस्य
- विषय विज्ञ श्री रामहरी न्यौपाने — सदस्य
- कृषि विकास शाखा प्रमुख — सदस्य
- सहकारी शाखा श्री जुनिल श्रेष्ठ — सदस्य सचिव

ङ) देहायका आयोजना तथा कार्यक्रमहरु देहाय बमोजिम संसोधन गरी कार्यान्वयन गर्ने ।

| साविक योजना/कार्यक्रमको नाम | बजेट रु | संसोधित योजना/कार्यक्रमको नाम | बजेट रु |
|---|---|---|---|
| सिमलटार खानेपानी आयोजना, लिखु ३ | १ लाख | सेतिदेवी मन्दिर मर्मत सम्भार, लिखु ३ | ५० हजार |
| | | ढल्केबगर वस्ती संरक्षण, लिखु ३ | ५० हजार |
| दोर्जेटार हुँदै अमिलडाडा जाने पुरानो गोरेटोबाटो निर्माण, लिखु ३ | १ लाख | जलदेवी मन्दिर व्यवस्थापन तथा फलामको बेन्च निर्माण, लिखु ३ | १ लाख |
| वडा कार्यालय शिवालय मन्दिर हुदै घलेगाउँ ठुलो कुवा सिंढी निर्माण, लिखु २ | १ लाख ५० हजार | सिक्रीमाल चापाटारी कुलो मर्मत, लिखु २ | ~~५० हजार~~ १ लाख |
| | | लब्धु डिपबोरिग मर्मत, लिखु २ | ५० हजार |

| | | | |
|---|---|---|---|
| वडाभित्र रहेका खानेपानीहरुको मर्मत सुधार, लिखु ५ | १ लाख | धुलिखेल अस्पताल एरियामा खानेपानी मर्मत, लिखु ५ | १ लाख |
| डुंडे चौतारो संरक्षण, लिखु ५ | १ लाख ७५ हजार | कालिका आ.वि. मा विद्यार्थीहरुलाइ स्कुल झोला, पोशाक तथा स्टेशनरी वितरण, लिखु ५ | १ लाख |
| | | महिला स्वास्थ्य स्वयंसेविकाहरुको लागि आवश्यक सामाग्री खरिद, लिखु ५ | ७५ हजार |
| ५ नं. वडाबासी पशुपालक कृषकहरुाइ दुध उत्पादनमा अनुदान कार्यक्रम | १ लाख | पशु सुत्केरी स्याहार अनुदान कार्यक्रम, लिखु ५ | १ लाख |
| बगरबजार सानीटार ढुंगेखहरे पुल, लिखु १ | ३ लाख | चौत्राडि सानीटार सडक ग्राभेल, लिखु १ | ३ लाख |

च) देहायका योजना तथा कार्यक्रममा देहाय बमोजिम बजेट विनियोजन गर्ने ।

| क.सं. | योजनाको नाम | विनियोजित बजेट रु | बजेट शीर्षक |
|---|---|---|---|
| १ | उन्नति कृषि तथा पशुपन्छी फर्म खानेपानी योजना, लिखु ६ | १ लाख ५० हजार | विपद् व्यवस्थापन |
| २ | छहरे लुली चौतारा हुँदै पर्साभन्ज्याङ सडक मर्मत, लिखु ६ | १ लाख | विपद् व्यवस्थापन |
| ३ | राममन्दिर बारविसे पन्चकन्या चौत्राडि कृषि सडकमा ग्राभेल तथा नाली व्यवस्थापन, लिखु १ | ६ लाख | विपद् व्यवस्थापन |
| ४ | ढिकुरे खापा योजना पाइप खरिद, लिखु १ | ५० हजार | विपद् व्यवस्थापन |
| ५ | माझीपानी देखि खानीगाउँ धमलागाउँ चौतारा सम्म ग्राभेल, लिखु २ | २ लाख | वडा विपद् व्यवस्थापन |
| ६ | बेलाको बोट नाली निर्माण, लिखु ४ | १ लाख | विपद् व्यवस्थापन |
| ७ | सन्तानेश्वर महादेव महादेव कालीमाटीमा रहेको मन्दिर निर्माण, लिखु ६ | ५० हजार | विपद् व्यवस्थापन |
| ८ | कालिका मन्दिर पुजा खर्च, लिखु ५ | १ लाख | कन्टेन्जेन्सी |
| ९ | आलडाँडाथली ग्रामीण मोटरबाटो अधुरो कार्य सम्पन्न गर्ने, लिखु ३ | ५ लाख | विपद् व्यवस्थापन |
| १० | लिखु गाउँपालिकाको भाडामा बसेको भवन पार्टेशन, मर्मत | ७०६०३।०० र ६९४६०।०० | कन्टेन्जेन्सी |
| ११ | बारविसे विउरीनी रातमाटेडाडा मरणपाटी निर्माण, लिखु २ | २ लाख | विपद व्यवस्थापन |
| १२ | रावलस्वाँरा बोरापानी सुलिडाडा | १ लाख | विपद् व्यवस्थापन |

| | |
|---|---|
| | छ) लिखु गाउँपालिका वडा नं ५ अन्तर्गत संगमचोक एरियामा सडक नालीमा वर्षात्को समयमा आउन सक्ने विपद् कार्यको लागि गाउँपालिका मार्फत व्यवस्थापन गर्ने । |

मिना